त्रिभुवन विश्वविद्यालय,
विज्ञान तथा प्रविधि अध्ययन संस्थान,
डीनको कार्यालय,
परीक्षा शाखा, बल्खु ।

Institute of Science & Technology Dean's Office Kirtipur 2045

## स्नातकोत्तर तह MIT र MMS विषय २०७९ को नयाँ विद्यार्थी भर्नाको लागि प्रवेश परीक्षा सम्बन्धी सूचना

त्रि.वि., विज्ञान तथा प्रविधि अध्ययन संस्थान अन्तर्गत केन्द्रीय विभाग र आंगिक क्याम्पसहरुमा सेमेष्टर परीक्षा प्रणाली अन्तर्गत Grading System अनुसार पठन पाठन गरिने स्नातकोत्तर तह Master in Information Technology (MIT) र Master of Science in Mountain and Mountaineering Science (M.Sc.MMS) विषयमा भर्ना हुन इच्छुक विद्यार्थीहरुको निमित्त २०७९ को लागि निम्नानुसारको प्रवेश परीक्षा तथा नयाँ भर्ना सम्बन्धी कार्यक्रम प्रकाशित गरिएको छ ।

### १. प्रवेश परीक्षाको लागि न्यूनतम योग्यता:

(क) त्रि.वि. वा त्रि.वि.वाट मान्यता प्राप्त शिक्षण संस्थावाट Master in Information Technology (MIT) को हकमा **Eligibility Criteria:-** Bachelor of Computer Science, Bachelor of Computer Science and Information Technology, Bachelor of Information Technology, Bachelor of Engineering in Computer and Electronics, Bachelor of Information Management, Bachelor of Information Systems, Bachelor of Computer Application of their equivalent विषय लिई वा सो सरहको परीक्षामा कम्तिमा दोस्रो श्रेणीमा उत्तीर्ण गरेको वा अन्तिम CGPA 2.00 ल्याई उत्तीर्ण गरेको हुनुपर्ने ।

(ख) त्रि.वि. वा त्रि.वि.वाट मान्यता प्राप्त शिक्षण संस्थावाट Master of Science in Mountain and Mountaineering Science (M.Sc.MMS) को हकमा **Eligibility Criteria:-**B.Sc.in General Science, B.Sc. Forestry, B.Sc.Agriculture, B.E.in Civil Engineering, Bachelor of Physical Geography, Bachelor of Mountaineering Studies (BMS) with +2 in Science, B.Sc.CSIT (Computer Science and Information Technology) of their equivalent विषय लिई अंग्रेजी माध्यमबाट पठन पाठन गरेको वा सो सरहको परीक्षामा कम्तिमा ५०% अंक ल्याई उत्तीर्ण गरेको वा अन्तिम CGPA 2.00 ल्याई उत्तीर्ण गरेको हुनुपर्ने ।

(ग) माथी उल्लेखित विषयहरुको पाठ्यक्रमले तोकेको आवश्यक न्युनतम योग्यता पुरा गरेका विद्यार्थीहरुले मात्र आवेदन दिन सक्नेछन् । आ-आफ्नो विषयको न्यूनतम योग्यता तथा प्रवेश परीक्षाको Model Question हरु निम्नानुसार सम्बन्धित विभाग/क्याम्पसका webpage हरुबाट प्राप्त गर्न सकिने छ ।

| विषय | सम्बन्धीत केन्द्रीय विभागको वेवपेज |
|---|---|
| M.Sc.CSIT | https://www.cdcsit.edu.np |
| Nepal Mountain Academy | https://www.nma.gov.np |

(घ) आवश्यक न्युनतम योग्यता पुरा नगरेका विद्यार्थीहरुले Online फाराम भरेको वा प्रवेश परीक्षा दिईएको पाईएमा आवेदन रद्ध गरिनेछ ।

### २. आवेदन प्रक्रिया :

(क)विज्ञान तथा प्रविधि अध्ययन संस्थानको webpage https://www.entrance.tuiost.edu.np मा राखिएको प्रवेश परीक्षाको आवेदन फाराम आवेदक स्वयमले भरी Online बाटै सोही webpage मार्फत Submit गर्नुपर्ने छ ।

(ख)Website मा Online माध्यमबाट आवेदन फाराम २०७९।११।१४ गते बिहान १०:०० बजे देखि मिति २०७९।१२।०८ गते सम्म र दोब्बर दस्तुर तिरी Online माध्यमबाट आवेदन फाराम २०७९।१२।०९ गते बिहान १०:०० बजे देखि मिति २०७९।१२।१५ गते सम्म दोब्बर दस्तुर तिरी भर्न सकिनेछ।

(ग)आवेदन फाराम Internet सुविधा भएको कुनै पनि स्थानबाट तोकिएका अवधी भित्र कुनै पनि समयमा भर्न सकिने छ। तोकिएको समय पश्चात Online फारम स्वत: बन्द हुनेछ।

(घ)प्रवेश परीक्षा शुल्क वापत MIT कार्यक्रमको लागि रु.२,०००।-(अक्षेरुपी दुई हजार मात्र) र MMS कार्यक्रमको लागि रु.२,१००।-(अक्षेरुपी दुई हजार एक सय मात्र) Online माध्यमबाट उपलब्ध app तथा link प्रयोग गरेर शुल्क जम्मा गर्न सकिने छ। साथै नेपाल भित्रको ग्वोवल आई.एम.ई.बैंक लि.को कुनै पनि शाखाबाट विज्ञान तथा प्रविधि अध्ययन संस्थान प्रवेश परीक्षाको लागि सो बैंकबाट तयार गरिएको विशेष भौचर भरी यस डीनको कार्यालयको ग्लोवल आई.एम.ई.बैंक लि., कीर्तिपुर शाखामा रहेको खातामा पनि जम्मा गर्न सकिनेछ। प्रवेश परीक्षा शुल्क वापत बुझाएको रकम फिर्ता हुने छैन।

(ङ)आवेदकले फाराम भर्दा Online पोर्टलमा उपलब्ध निर्देशनलाई अनिवार्य रुपले पालना गर्दै जानकारीहरु तथा Upload गर्नु पर्ने सामाग्रीहरु सहित Submit गर्नु पर्नेछ। आवेदनको न्युनतम योग्यता प्रमाणित गर्न ट्रान्सक्रिप्ट, मार्कसिटहरु, समानस्तर प्रमाणपत्र, आवेदकको हस्ताक्षर (कालो मसी प्रयोग गरेको) तथा MRP Standard फोटो लगायतका सामाग्रीहरु तयार गरेपछि मात्र Online फारम भर्न सूचित गरिन्छ। धमिलो पढ्न नसकिने डकुमेन्ट प्राप्त भएमा आवेदन स्वीकृत हुने छैन्।

(च)स्नातक तहको ट्रान्सक्रिप्ट नभएको अवस्थामा सबै वर्षको सबै मार्कसिटहरुको सिङ्गल PDF फाईल बनाई अपलोड गर्नु पर्नेछ।

(छ)परीक्षा केन्द्र काठमाडौं उपत्यका तोक्नु पर्नेछ।

(ज)आवेदन पश्चात Acknowledgement Page download गरी राख्नु पर्नेछ। जसमा भएको जानकारीहरु र बैंकबाट प्राप्त भौचर कोड प्रयोग गरी आ-आफ्नो आवेदनको अवस्था र तोकिएको समय पश्चात Admit Card प्राप्त गर्न सकिने छ। Admit Card (प्रवेश पत्र) आवेदकले आफै Color Print गरी आफूले तोकेको परीक्षा केन्द्रमा गई प्रवेश परीक्षा दिनु पर्नेछ। प्रवेश परीक्षा दिन जादां प्रवेश पत्रको साथै आफ्नो परिचय खुलाउने फोटो सहितको ID (जस्तै नागरिकता प्रमाणपत्र वा सवारी चालक प्रमाणपत्र वा राष्ट्रिय परिचय पत्र वा राहदानी वा पछिल्लो शैक्षिक तहको प्रवेशपत्र) पनि ल्याउनु पर्नेछ।

## ३. प्रवेश परीक्षाको किसिम :

(क)प्रवेश परीक्षाको अंकभार १०० पूर्णाङ्कको हुनेछ। जसमा B.Sc वा सो सरहको सम्बन्धित विषय समितिले तोकेको पाठ्यक्रम अनुसारको हुनेछ।

(ख)Master in Information Technology (MIT) विषयको हकमा प्रश्नहरु Objective वा Multiple Choice Questions अनुसारको हुनेछ र Master of Science in Mountain and Mountaineering Science (M.Sc.MMS) विषयको हकमा प्रश्नहरु Objective तथा Subjective दुवै हुनेछ।

of Science & Technology
Dean's Office
Kirtipur 2045

(ग) प्रवेश परीक्षा उत्तीर्ण हुन Master in Information Technology (MIT) विषयको हकमा पूर्णाङ्कको ३५% अंक प्राप्त गर्नु पर्ने छ र Master of Science in Mountain and Mountaineering Science (M.Sc.MMS) विषयको हकमा Objective तथा Subjective दुवैबाट पूर्णाङ्कको ४०% अंक प्राप्त गर्नु पर्नेछ ।

(घ) प्रवेश परीक्षाको नमूना प्रश्नपत्र सम्बन्धित विषयको webpage बाट हेर्न सकिने छ ।

४. अन्य

(क)Master in Information Technology (MIT) विषय र Master of Science in Mountain and Mountaineering Science (M.Sc.MMS) विषयको प्रवेश परीक्षा छुट्टा-छुट्टै समयमा संचालन गरिने छ ।

(ख)केन्द्रीय विभाग/क्याम्पसमा निर्धारित भर्ना कोटा मध्ये २०% विद्यार्थी समावेशीको आधारमा र ८०% खुल्ला प्रतिस्पर्धाबाट भर्ना लिईने छ । समावेशी फारम भर्नाको सूचनासँगै उपलब्ध गराईनेछ ।

(ग) यस सूचनामा उल्लेख हुन छुट भएका बुँदाहरु "त्रि.वि.सेमेष्टर प्रणाली संचालन विनियम २०७४" बमोजिम हुने छ ।

(घ) अन्य जानकारीको लागि विज्ञान तथा प्रविधि अध्ययन संस्थान, परीक्षा शाखाको फोन नं.०१४३३०१२० मा सम्पर्क राख्नु होला ।

मिति : २०७९।११।११

सहायक डीन